लुम्बिनी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

राप्ती उपत्यका (देउखुरी) नेपाल

मा.जन्मजय तिमिल्सिना
मन्त्री
मोबाइल नं. ९८५१०७००४१
jjsachiwalaya@gmail.com

पत्रसंख्याः२०८२/०८३
च.न.

मिति: २०८३/०१/१४

## माध्यमिक शिक्षा उतीर्ण परिक्षा (कक्षा१२) सम्बन्धमा अपिल ।

२०८३ सालको नियमित तथा ग्रेड वृद्धि तर्फको **माध्यमिक शिक्षा उतीर्ण परिक्षा (कक्षा१२)** २०८३ वैशाख १४ गते सोमबारदेखी देशभर एकैसाथ सञ्चालन हुँदैछ । यस लुम्बिनी प्रदेशमा नियमित तर्फ जम्मा ५१,२३५ जना र ग्रेडबृद्धि (आंशिक) तर्फ १८,१७६ जना गरी कूल जम्मा ६९,४११ जना परीक्षार्थी परीक्षामा सम्मिलित हुँदैछन् ।परीक्षा सञ्चालनका लागि १२ वटै जिल्लामा गरी २१६ वटा परिक्षा केन्द्र निर्धारण गरिएकोछ ।

परीक्षालाई मर्यादित, अनुशासित, भयरहित, व्यवस्थित, निष्पक्ष र शान्तिपूर्ण वातावरणमा सञ्चालन सबै जिल्लाका परीक्षा समन्वय समितिबाट केन्द्राध्यक्षको नियुक्ति भई जिल्लास्तरमा अभिमुखीकरण कार्य सम्पन्न गरी प्रश्नपत्र, उत्तरपुस्तिका लगायतका परीक्षासँग सम्बन्धित सम्पूर्ण सामाग्रीहरु नजिकैको सुरक्षा निकाय र परीक्षा केन्द्रमा पुर्याउने लगायतका परीक्षाको तयारी सम्बन्धी सम्पूर्ण कार्य समेत सम्पन्न भई सकेको व्यहोराको जानकारी सम्बन्धित तह र निकायबाट प्राप्त भएको छ । साथै परीक्षालाई मर्यादित, भयरहित र शान्तिपूर्ण बनाउन प्रदेश अन्तर्गतका जिल्ला प्रहरी कार्यालय तथा सशस्त्र प्रहरी बल नेपालबाट आवश्यक सुरक्षा व्यवस्था मिलाइएको समेत जानकारी प्राप्त भएको छ ।

यस बर्ष **माध्यमिक शिक्षा उतीर्ण परिक्षा (कक्षा१२)मा** सम्मिलित हुने सम्पूर्ण परीक्षार्थीहरुलाई कुनै पनि प्रकारको डर, त्रास तथा भयविना उच्च मनोवलका साथ परीक्षामा सहभागी हुन हार्दिक अनुरोधका साथ सफलताको शुभकामना दिन चाहन्छु । परीक्षाको स्वच्छता, अनुशासन र मर्यादा कायम राख्दै सम्पूर्ण दिनको परीक्षामा परीक्षार्थीहरु तथा परीक्षा व्यवस्थापनमा खटिने सबै जनशक्तिको लागी शान्तिपूर्ण र भयरहित वातावरणको सुनिश्चितता गर्नका लागि स्थानीय प्रशासन, स्थानीय तह, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी, पत्रकार, नागरिक समाज, लगायत सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक अपिल गर्दछु ।

मा.जन्मजय तिमिल्सिना
मन्त्री

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री